# AMBITION ACADEMY
# MODEL QUESTION, 2078
# SET A

**विषय : अनिवार्य नेपाली** **पूर्णाङ्क : ७५**

**कक्षा : ११** **उत्तीर्णाङ्क : ३०**

**१) तलका वर्णहरूको उच्चारण स्थान र प्रयत्न पहिचान गर्नुहोस् :** **३**

ब, ङ, ह, व, म, स

**२) शुद्ध गरी लेख्नुहोस् :** **३**

किसन भाइ ! तिमीहरू त लेखपढ गरेर ठुला मान्छे भयौं । सँगैका साथी हामी, लाग्छ, धेरैपछाडि छुटिसक्यौं । कठै तिमी पनि गाउमा बसिदिंदा हौ त हामी जस्ता गँवारले पनि दुइचार कुरा जान्ने मौका पाउने थियो ।

**३) रेखाङ्कित पदको पदवर्ग छुट्याउनुहोस् :** **२**

बाटाभरि हाम्रै सामल खायो, अनि यहाँ आइपुगेर त हामी दुवैलाई छोडेर ऊ कहाँ भाग्यो भाग्यो ।

**४) दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : (२+२=४)**

**क) दिइएको अनुच्छेदबाट दुईदुई ओटा तत्सम र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :**

मानिसको जीवनशैली अहिलेको समयमा आएर एकदम परिवर्तन भएको छ । रेडियो सुन्न चौतारीमा जम्मा हुने समय गयो । टेलिभिजनमा परिवार घेरिएर बस्ने दिन पनि गयो । मानिसहरू मोवाइलमा विश्व बोकेर हिंड्छन् । सम्बन्धहरू पनि भर्चुअल भइसके ।

**ख) तलका शब्दहरूलाई शब्दकोशको क्रममा मिलाएर लेख्नुहोस् :**

नियम, किताब, टहरो, क्षेत्रीय

**५) दिइएको अनुच्छेदबाट तीनओटा पारिभाषिक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

**३**

सरकारले निषेधाज्ञा जारी गरेकै समयमा पूर्ण इजलासले उसलाई कायलनामा गराएर गैरन्यायिक काम गरेको भन्दै उत्प्रेषण गरिपाऊँ भनी दिएको निवेदन मुल्तबीमा राखिदिएछन् । जमानी बस्न गएको जयमङ्गल हदम्यादको कुरै नबुझी सनाखत गरेर हिँडेछ ।

**अथवा**

**तलको अनुच्छेदबाट एउटा अनुकरणात्मक, एउटा टुक्का र एउटा उखान पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् लेख्नुहोस् :**

नेपालको विकास पनि हात्ती छिर्‍यो पुछर अड्क्यो भन्ने खालको छ । पुल बन्छ मन्त्रीज्युले उद्घाटन गर्ने समय नमिलाउनाले छेकेर राखिन्छ । एक त भटाभट काम नगरेर राजाको काम कहिले जाल घाम भन्ने तरिकाले काम हुन्छ त्यसमा पनि अनेकौँ समस्याहरू फुतुफुतु निस्किरहेकाले देशकै नाक काटिएको छ ।

**६) कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : (२+२=४)**

**क) अनुच्छेदबाट दुइओटा उपसर्ग व्युत्पन्न र दुईओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :**

निष्कर्षमा जयपृथ्वीबहादुर सिंह नेपाल आमाका त्यस्ता महान् सन्तती हुन्, जो एक्लैमा शिक्षासेवी, लेखक, व्याकरणकार, पत्रकार, सम्पादक, व्यवस्थापक, समाजसुधारक, मानवतावादी विचारक, वकिल तथा कूटनीतिज्ञका रूपमा भूमिका निर्वाह गर्न सफल भए ।

**ख) तलको अनुच्छेदबाट दुईओटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस् र दुईओटा द्वित्व शब्द पहिचान गरी दोहोरिएको अंश लेख्नुहोस्** :

आकाशमा टलल जुन लागेको थियो । हामी त्रिमूर्ति निकेतन भ्रमणमा थियौँ । केही साथीहरू देशहितका बारेमा सोचिरहेका थिए भने केही भ्रष्टाचारीलाई कसरी ठेगान लगाउने भनेर चिन्तित थिए । चरिनङ्ग्रे जनतालाई जे गरे पनि अघिपछि लागिहाल्छन् भन्दै आलोपालो सत्तामा पुगेर आआफ्नो ढुकुटी भर्ने भ्रष्टाचारीलाई पाता फर्काउनुपर्ने धारणा कसैको थियो । हामी कामसाम केही नगर्ने तर ठुल्ठुला गफ मात्र गर्ने बानी भएका जनता हौँ भन्ने टिप्पणी कसैको थियो ।

**ग) तलको अनुच्छेदबाट चारओट सन्धियुक्त शब्द पहिचान गरी सन्धिविच्छेद गर्नुहोस् :**

सूर्योदयको मनमोहक छटा हेर्न हिमालयको टाकुरामा पुग्नपर्छ भन्ने छैन । दिलमा घाम लागेन भने सूर्यको आँगनमा पुगेर नि केही हुन्न । मोहान्ध, लोभासक्त मानिसमा प्रत्युत्पन्न मतिको सदैव अभाव रहन्छ । त्यस्ताका पिँढीमा प्रतिपदाको चन्द्रोदय भए पनि मनमा भने घनान्धकार छाएकै हुन्छ ।

**७. दुवै प्रश्नको उत्तर दिनुहोस् : (२+२=४)**

**क) तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

ऊ साँझ पर्दा घरमा पुग्यो । त्यतिबेला आमा पनि आइपुगिन् । उसले आफूलाई भोक लागेको कुरा बतायो । बहिनीले खाजा बनाएर दिई ।

**ख) दिइएको अनुच्छेदलाई उच्च आदरमा परिवर्तन गर्नुहोस् :**

ऊ सरासर कार्यालय गयो । उसले आफ्ना कर्मचारीहरुलाई भेला गरायो । आज गर्नु पर्ने कामका बारेमा प्रष्ट पार्‍यो । अनि मात्र कुर्सीमा बसेर लामो सास फेर्‍यो ।

**८. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : (२×२=४)**

**(क) तलका सरल वाक्यहरूलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् :**

म सज्जन मान्छे होइन । मानिसलाई दुःख दिनु र सताउनुलाई म आफ्नो स्वभाव मान्छु । मैले कहिले पनि गतिलो काम गरेको छैन । मानवता मेरा लागि ठुलो धर्म होइन ।

**ख) तलको अनुच्छेदलाई पदसङ्गति मिलाएर पुनर्लेखन गर्नुहोस् :**

मामाको छोरी आई । काकाको छोराहरू पनि आयो । सबैको हातमा उपहारहरू थियो । मेरो हातखुट्टा काँपीरहे तापनि हामले रमाइलो भने गर्न भने छोडेनौ ।

**(ग) एउटा वाक्यमा संश्लेषण गर्नुहोस् :**

आज बिहानै हरियो रुखमा बसेर काग करायो । कस्तो खबर आउला भनेर हजुरआमा डराउनु भयो । दिनभर कुनै नयाँ खबर आएन । हजुरआमा बेलुका ढुक्क हुनुभयो ।

**९. दुवै प्रश्नको उत्तर लेख्नुहोस् : (४+४=८)**

**क) तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् :**

सामान्य रूपमा बुझ्दा मनको विज्ञानलाई मनोविज्ञान भनिए पनि आधुनिक मनोविज्ञानले मानिसको व्यवहारको अध्ययन गर्दछ । अनुहार हेरेर मनको कुरा थाहा पाउने मात्र होइन, व्यक्तिको व्यवहार र उसले गर्ने प्रतिक्रियाका आधारमा उसका बारेमा अवधारणा बनाउनु मनोविज्ञान हो । व्यक्ति वातावरणमा बस्दछ । व्यक्ति र वातावरणबिच सधैं क्रियाप्रतिक्रिया चलिरहन्छ । व्यक्ति आफ्नो चाहनाको तृप्तिमा लागेको हुन्छ । उसको चाहनाअनुकूल वातावरण नहुन सक्छ । व्यक्ति भने जहिल्यै उसको चाहनाअनुसार वातावरणमा परिवर्तन ल्याउन खोज्छ । यस्तो वातावरण निर्माण गर्न व्यक्तिले देखाउने क्रिया व्यवहार हो । मनोविज्ञानले व्यक्तिले आफ्नो चाहनाअनुसारको वातावरण निर्माण गर्न के कस्ता प्रतिक्रिया जनाउँछ भन्ने कुराको अध्ययन गर्दछ । व्यक्तिको व्यवहारमा असर पर्ने वातावरण तीन किसिमका हुन्छन् । घर, खेत, पहाड, आवाज, गन्ध, जाडो, गर्मी, बाटोघाटो, हाटबजार आदि भौतिक वातावरण हुन् । परिवार, छिमेक, नीतिनियम, कानुन, पेसा, व्यवसाय, व्यक्ति व्यक्तिबिचको आपसी सम्बन्ध आदि सामाजिक वातावरण हुन् । व्यक्तिका आफ्नै कल्पना, भावना, चाहना, इच्छा, आकाङ्क्षा, कुण्ठा, संवेग आदि मानसिक वा आन्तरिक वातावरण हुन् । यी वातावरणले उत्तेजनाको काम गर्ने भएकाले मानिसले उसमा पर्ने प्रभावका आधारमा फरक फरक प्रतिक्रिया देखाउँछ । मनोविज्ञानले यी वातावरण र तज्जन्य परिस्थितिले उत्पन्न भएको मानिसको एकीकृत व्यवहारको सिलसिलाबद्ध रूपमा अध्ययन गर्दछ ।

प्रश्नहरू

(क) मनोविज्ञान के हो ?

(ख) व्यक्ति कस्तो वातावरण निर्माण गर्न खोज्छ ?

(ग) सामाजिक र भौतिक वातावरणले मनोविज्ञानमा कसरी प्रभाव पार्छ ?

(घ) 'संवेग' र 'तज्जन्य' शब्दको अर्थ लेख्नुहोस् .

ख) **तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

जताततै असुरक्षा बढेकाले सुरक्षात्मक उपाय र प्रविधिको खोजी सबैले गर्ने गरेका छन् । आवश्यकता नै आविष्कारकी जननी हो भनेझैं सुरक्षा प्रविधिको पनि धेरै विकास भइसकेको छ । अन्तर्राष्ट्रिय स्तरमा मात्र होइन, नेपालमै यस्ता पनि सुरक्षाका उपकरण विकास भइसकेका छन् । अझ नेपाली माटो र हावापानी सुहाउँदो सुरक्षा प्रविधि नेपाली विज्ञले नै बनाउन थालेका छन् । सानैदेखि प्रविधिमा रुचि राख्ने जितेन्द्र ढकालले घरको सम्पूर्ण सुरक्षा गर्ने उपकरण विकास गरेर बजारमा ल्याएका छन् । बढ्दो असुरक्षाको समयमा उनको व्यवसाय निरन्तर उकालो लागेको छ । प्रविधिको अध्ययनका क्रममा ढकाल आधा दशकभन्दा बढी समय अमेरिकामा समेत बसेका थिए । त्यस क्रममा उनले घरको सुरक्षा सम्बन्धी विद्युतीय उपकरणबारे अध्ययन गर्ने मौका पाए ।

अ) विज्ञको अर्थ के हो ?

१. कलाकार २. विशेषता

३. वैज्ञानिक ४. विशेषज्ञ

आ) निरन्तर शब्द कसरी बनेको छ।

१. प्रत्यय लागेर २. उपसर्ग लागेर

३. समासबाट ४. द्वित्वबाट

इ) विद्युतीय र नेपाली शब्द कुन शब्दवर्गमा पर्छन् ?

१. विशेषण २. नाम

३. क्रियाविशेषण ४. नामयोगी

ई) 'ल्याएका छन्' को सम्भावनार्थक रूप के हुन्छ ?

१. ल्याउँछन् २. ल्याउलान्

३. ल्याऊन् ४ ल्याओस्

**१०)तलको अनुच्छेदबाट मुख्यमुख्य चारओटा बुँदा टिपी एकतृतीयांशमा सारांश लेख्नुहोस् : (२+२=४)**

नेपालको भूमिमा प्रशस्त खनिज सम्पदाहरू छन् । नेपाली भूगोलको सतह तथा भूगर्भभित्र सुन, चाँदी, फलाम, तामा, अभ्रक, सिसा, जस्ता, खरी, स्लेट, मार्बल, गेरु, कोइला, ग्याँस, पेट्रोलियम, युरेनियम, सोडा, बिरेनुन आदि अनेकौँ खनिजहरू छन् । सुनकोसी, बुढी गण्डकी, काली गण्डकी, रिउ खोला, कोसी आदिमा सुन पाइन्छ । यसका साथै कर्नालीको बगरमा पनि सुन पाइन्छ । चिसापानी गढी, बागलुङ र फूलचोकीमा चाँदी पाइन्छ भने ठोसे, फूलचोकी, चितवन, कुलेखानी, भैँसे, फर्पिङ, डोटी आदिमा प्रशस्त फलाम पाइन्छ । तामाखानी, कुलेखानी, बुद्ध खोला, वाप्सा, मार्फा, इलाम, म्याग्दी आदिमा तामा र भोजपुर, सिन्धुली, लमजुङ, गोसाइँकुण्ड, सुन्दरीजल जस्ता ठाउँमा अभ्रक भन्ने खनिज पाइन्छ । चोभार, भैँसे, धनकुटा, मोरङ जस्ता ठाउँमा चुनढुङ्गा र गणेश हिमाल, फूलचोकी, मकवानपुर, माजेर खोला आदि ठाउँमा सिसा जस्ता पाइन्छन् । त्यसै गरी चिसापानी गढी, गोसाइँकुण्डमा गन्धक तथा खोटाङ, सिन्धुपाल्चोक, भोजपुरमा खरी पाइन्छन् । दाङ, सल्यान, चौतारा, काठमाडौँ उपत्यका आदि ठाउँमा कोइला र नेपालगन्ज, मुक्तिनाथ, दैलेख, प्युठान, कोइलाबास, दाङलगायतका धेरै ठाउँमा पेट्रोलियम पाइने सम्भावना छ । अत्यन्त बहुमूल्य मानिने युरेनियम मुक्तिनाथलगायतका केही ठाउँमा पाइने कुरा अनुसन्धानहरूले देखाएको छ । यस्ता खनिजहरूको आधुनिक तरिकाले उत्खनन, प्रशोधन र प्रयोग गर्न आवश्यक छ ।

।

**११.दुवै प्रश्नको उत्तर दिनुहोस् : (४+४=८)**

क) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

विहङ्गम दृष्टिले विचार गर्दा सम्पूर्ण पृथ्वी एउटा घर हो, गृह हो । यहाँ जल, स्थल, वायु, आकाश र तेज ( प्रकाश) यी पाँच तत्व (पञ्चतत्व) का बिच जलचर, स्थलचर, नभचर र सबै चराचर आफ्नो जीवन बिताउँदछन् । पृथ्वीलाई छोडेर अन्य ग्रहमा जीवात्माको अस्तित्व भेटिएको छैन । त्यसैले हामी सबैले यहीँ बाँच्नुपर्छ, यहीँ मर्नुपर्छ । यो सिवाय अरू जाने ठाउँ छैन । पृथ्वीको पारिस्थितिक प्रणालीलाई बिथोलिदियौँ भने हाम्रै अस्तित्व

सङ्कटमा पर्छ । हालका दिनमा जलवायु परिवर्तनका विषयमा विशेष गरेर वायुमण्डल प्रदूषणका कारण पृथ्वी सतह अप्रत्यासित ढङ्गले तात्ने क्रमलाई लिएर विशेष चिन्ता र चासो हाम्रो सामु तेर्सिएको छ ।

प्रश्नहरू

(क) पृथ्वी नै सबैको साझा घर हो, कसरी ?

(ख) वायुमण्डल प्रदूषणका कारण पृथ्वीको सतह अप्रत्यासित ढङ्गले तात्ने क्रमलाई लिएर किन चासो र चिन्ता बढेको छ ? कोरोनाबाट बच्ने उपायहरूको वर्णन गर्दै फिदिम पाँच पाँचथरमा बस्ने  दिदीलाई चिठी लेख्नुहोस्।

ख) तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

कुन पहाडले कुन खोलाले तिम्रो गति छेकेथ्यो र
वीर पुर्खा ! कुन आँधीले तिम्रो यात्रा रोकेथ्यो र
गरुडको झैँ वेग तिम्रो कुन आकाशले बाँध्न सक्यो
पौरखले रच्यौ नेपाल ! पहाड तराई जुट्न सक्यो ।

प्रश्नहरू

(अ) नेपालीहरूको कस्तो पौरखले नेपालको रचना भएको हो ?

(आ) कवितांशका आधारमा हाम्रा वीर पुर्खाको गौरव गाथाको वर्णन गर्नुहोस् ।

।

**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (८)**

क) सत्यनिष्ठा र समता मूलक समाजको स्थापनामा योगमायाले दिएको योगदानको चर्चा गर्नुहोस्  ।

ख) 'लौ आयो ताजा खबर' लघुनाटकमा व्यक्त मुख्य सन्देशमाथि प्रकाश पार्नुहोस् ।

**१३. कुनै एक शीर्षकमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् । (८)**

क) हाम्रो संस्कृति

ख) नीति र नेतृत्व

ग) प्राविधिक शिक्षाको आवश्यकता

**१४. तलको समाचार पढेर कुनै एक प्रश्नको १२५ शब्दसम्मको प्रतिक्रियात्मक उत्तर दिनुहोस् : (४)**

अहिले कपिलवस्तुका किसान उखु बेचेको रकम भुक्तानी पाउनुपर्ने माग गर्दै काठमाडौंमा धर्ना दिन पुगेका छन् । कपिलवस्तु किसान संघमा आबद्ध १२ किसानले माइतीघरमा सोमबारदेखि धर्ना दिइरहेका छन् । उनीहरूका अनुसार उद्योगीबाट ७ करोड भुक्तानी पाउन बाँकी छ । महालक्ष्मी सुगर्स मिलका सञ्चालक वीरेन्द्रकुमार कनौडियाले भुक्तानी नदिई आलटाल गरिरहेको किसानको आरोप छ । कनौडिया लुम्बिनी प्रदेश कांग्रेस संसदीय

दलका नेता पनि हुन् । यहाँका किसानले उखु बिक्री, अनुदान र सरकारले तोकेभन्दा कम मूल्यमा किनेबापत करिब ७ करोड भुक्तानी पाउन बाँकी रहेको कपिलवस्तु किसान संघका अध्यक्ष अनुपकुमार चौधरीले बताए ।

**अ) उखु किसानहरूले भोगेको समस्या के हो ? यसको समाधानका लागि के गर्न सकिन्छ ?**

**आ) उखु किसानहरूको समस्या समाधानका लागि सरकारले कस्तो भूमिका निर्वाह गर्नुपर्छ ?**

**१५. कोरोनाबाट बच्ने उपायहरूको वर्णन गर्दै फिदिम पाँच पाँचथरमा बस्ने दिदीलाई चिठी लेख्नुहोस्ः ४**

**१६. विद्यालयको वार्षिकोत्सवका क्रियाकलापलाई समेटेर १५० शब्दसम्मको प्रतिवेदन लेख्नुहोस् । (४)**

**५**

**समाप्त**

# AMBITION ACADEMY
# MODEL QUESTION, 2078
# SET B

**विषय : अनिवार्य नेपाली** **पूर्णाङ्क : ७५**

**कक्षा : ११** **उत्तीर्णाङ्क : ३०**

**१. तलका वर्णहरूलाई घोषत्व र प्राणत्वका आधारमा चिनाउनुहोस् : ३**

द, र, भ, क,ह, म

**२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : ३**

वायुमन्डलको संरचनामा भूमीका निर्बाह गर्ने ज्ञासहरूको अनुपातमा फेरवदलले र मूलतः कार्वनडाइअक्साइडको मात्रा बड्नाले प्रिथ्वीको तापक्रम बढ्न थालेको छ ।

**३) रेखाङ्कित शब्दहरूको शब्दवर्ग छुट्याउनुहोस् : २**

प्राकृतिक सम्पदा प्रचुर मात्रामा छन् तापनि यिनको राम्ररी उपयोग गर्न नसक्दासम्म हाम्रो देशको उन्नति हुने कुरामा शङ्का नै मान्नुपर्छ ।

**४) दुवै प्रश्नको उत्तर दिनुहोस् : २+२=४**

**(क) तलको अनुच्छेदबाट दुईओटा तत्सम र दुईओट आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :**

मानिस पैसामुखी हुँदै गएका कारण मानवतामा फिकापन चढेको छ । श्रीमान् श्रीमतीको सम्बन्ध पनि अदालतमा पुग्न र कानुनको कठघरामा उभिन समय लाग्दैन । अहिले मान्छेले मेसिन चलाएको देखिए तापनि मेसिनले मान्छे चलाइरहेको छ ।

**(ख) तलका शब्दलाई शब्दकोशीय क्रममा मिलाएर लेख्नुहोस् :**

मदल, आचार्य, भदो, छहारी

**५) तलको अनुच्छेदबाट तिन ओटा पारिभाषिक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

कविताका लागि छन्द बाटो हो र अलंकार दयाँबायाँ सारिएका फूल हुन् । छन्द र अलंकारको समन्वयले जब भावमा कसी लगाउँछ तब रसको अनुभूति हुन्छ । कविताबाट आनन्द पाइने प्रक्रिया यही नै हो ।

**तलको अनुच्छेदबाट एउटा अनुकरणात्मक शब्द, एउटा टुक्का र एउटा उखान पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

नेताहरू समाजवाद र साम्यवादका डिङ हाँकेर भाषण ठोक्छन् जनताका लागि कागलाई बेल पाक्यो हर्ष न विस्मात भनेजस्तो हुन्छ । छेउ न टुप्पाको गफ जोत्नुभन्दा त खुरुखुरु काम गर्नु नि ।

**लाई स्त्रीलिङ्गमा परिवर्तन गरी लेख्नुहोस् : ३**

भान्जा बजार गए । उनले त्यहाँ साथीहरूलाई भेटे । उनले साथीहरूसँग धेरैबेर कुराकानी गरे । कुराकानीकै क्रममा उनले समय बितेको पत्तै पाएनन् । उनी हतार हतार किनमेल गरेर घर फर्किए ।

**६) कुनै दुई प्रश्नको उत्तर दिनहोस् : २+२=४**

**तलको अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रकिया देखाउनुहोस् :**

कृषियुगको प्रारम्भ भयो भएपछि मानवसभ्यताको विकासमा अतुलनीय र दूरगामी प्रभाव पर्‍यो । कृषि उत्पादनबाट आवश्यक खाद्यान्नपूर्ति सुनिश्चित भएपछि मानिसले स्थायी वासस्थान निर्माण गर्न थाल्यो र गाउँसहरको निर्माण भयो । विस्तारै सहरीया र गाउँले जीवनशैलीमा परिवर्तन आउन थाल्यो ।

**ख) तलको अनुच्छेदबाट दुईओटा समस्त शब्द र दुईओटा द्वित्व शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**

सान्नानी पूजासामग्री लिएर कालिमाटीनजिकै वाटापारिको मन्दिरतिर सरासर गइन् । उनी चौबन्दी चोली मखिबुट्टे गुन्यूमा सजिएकी थिइन् । यो देखेर म गाडीसाडी बाटामा छोडेर हतार हतार घर गएर तरकारी काटकुट गरी भातसात पकाउन थालें ।

**ग) तलको अनुच्छेदबाट चारओटा सन्धियुक्त शब्द पहिचान गरी सन्धि प्रक्रिया देखाउनुहोस्**

विद्यालयमा पुस्तकालय पनि भयो भने झनै राम्रो हुन्छ । हामीले पुस्तकको अत्यावश्यकतालाई स्विकार्नै सकेका छैनौँ । पुस्तकले ज्ञानको अभ्यासलाई कालान्तरसम्म बलियो बनाउँछ ।

## ७) दुवै प्रश्नको उत्तर दिनुहोस् :          (२+२=४)

**(क) तलको अनुच्छे लाई सामान्य भूतकालमा परिवर्तन गरी लेख्नुहोस् :**

परीक्षण र म लँगौटिया यार हुनेछौँ । हामी खोलाको किनारमा गाई चराउन जानेछौँ । उसले मलाई होरहा खान बोलाउनेछ । म विद्यालय छुट्टी भएको बेलागिर र कपर्दी खेल्न जानेछु ।

**(ख) तलको अनुच्छेदलाई प्रथम पुरुषमा परिवर्तन गरेर लेख्नुहोस् :**

उनीहरू गाउँबाट सहर आए । उनीहरूले आफ्नो व्यवसाय सुरु गरे । इमानदारीका साथ काम गरेर प्रशस्त पैसा कमाए । अहिले उनीहरू बहुत खुसी छन् ।

## ८) कुनै दुई प्रश्नको उत्तर दिनुहोस् :          २+२=४

**क) तलको अनुच्छेदका वाक्यहरूलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गरी लेख्नुहोस् :**

उनीहरू प्रदर्शनीमा गएनन् । हामीचाहिँ गयौँ । तिमीहरू पनि गएछौ नि । उनीहरूले धेरै ठाउँको भ्रमण गरेछन् । हामी त्यतिकै बसिरहेनौँ । हामीले नयाँ नयाँ कुरा पनि देख्यौँ ।

**ख) तलका वाक्यलाई एकै वाक्यमा संश्लेषण गर्नुहोस् :**

राम मिहिनेती छ । ऊ इमानदार विद्यार्थी हो । उसले परीक्षामा राम्रो अङ्क ल्याएको छ। उसको भविष्य उज्ज्वल छ ।

**(ग) तलको अनुच्छेदलाई पदसङ्गति मिलाएर लेख्नुहोस् :**

उसको साथीहरू पनि आओस् । उहाँ पनि आउन् । तिम्रा झगडिया भाइ पनि आउला नै । हामी सबै मिलेर छलफल गर्छन् ।

## ९) तलका दुवै प्रश्नको उत्तर दिनुहोस् :          (४+४) ८

**क) तलको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

जीवविज्ञानका विषयमा सर्वप्रथम आफ्ना विचारहरू प्रकट गर्ने एक महान् युनानी दार्शनिक अरस्तु हुन् । उनकै पालादेखि नै जीवविज्ञानको क्रमबद्ध रूपमा विकास भएको हो । उनले नै जीवजन्तुका विभिन्न पक्षका विषयमा आफ्ना विचार प्रकट गरेका छन् । जीवविज्ञानको एउटा शाखा प्राणीविज्ञान वा प्राणीशास्त्र हो । अङ्ग्रेजीमा यसलाई जुलोजी भनिन्छ । यसले जीवलाई सङ्केत गर्दछ । जीव पनि प्राणी र वनस्पति आदि विभिन्न प्रकारका हुन्छन् । विज्ञानको एक शाखा जसले प्राणीहरूको सूक्ष्म अध्ययन गर्दछ, त्यो नै प्राणीविज्ञान हो । यसअन्तर्गत विभिन्न प्राणीहरूका बारेमा अध्ययन अनुसन्धान गरिन्छ । प्राणीशास्त्रको अध्ययन विभिन्न क्षेत्रसँग गाँसिएको हुन्छ । यसको अध्ययन शाखा पनि बृहत् छन् । यसले चिकित्सा विज्ञान, नर्सिङ विज्ञान, आयुर्वेद विज्ञान, प्रयोगशाला विज्ञान आदि विभिन्न विषयको गहन अध्ययन गर्दछ । यो त हाम्रो दैनिक जीवनसँग पनि जोडिएर आएको छ । प्राणीशास्त्रको अध्ययनले हामीलाई प्रकृतिसँग नजिक बनाउँछ । यसले गर्दा मानिस र प्रकृतिबिचको दुरी कम गर्दछ । हरेक प्राणी यस धर्तीका अभिन्न अङ्ग हुन् । हामीले तिनीहरूको सुरक्षा गर्नुपर्छ भन्ने ज्ञान लिन सकिन्छ । यदि प्राणीको दोहन भएमा जैविक विविधतामा ह्रास आई पृथ्वी नै सङ्कटमा पर्न सक्छ । किनकि प्रत्येक प्राणी हाम्रो पारस्परिक चक्रका लागि आवश्यक छन् । तसर्थ प्राणीशास्त्र जीवन जगत्को महोवपूर्ण अङ्ग हो ।

प्रश्नहरू

(क) प्राणीशास्त्रले कुन विषयको अध्ययन गर्छ ?

(ख) जीवजन्तुको दोहनले प्रकृतिमा कस्तो असर पर्न सक्छ ?

(ग) प्राणीशास्त्रको अध्ययनले हामीलाई कसरी प्रकृतिसँग नजिक बनाउँछ ?

(घ) 'दोहन' र 'पारस्पारिक' शब्दको अर्थ लेख्नुहोस् ।आधुनिक भौतिक विज्ञानले

**ख) तल दिइएको अनुच्छेद पढीसोधिएका प्रश्नहरूको सही उत्तर पहिचान गरी लेख्नुहोस् :**

, कृषियुगको प्रारम्भ भयो भएपछि मानवसभ्यताको विकासमा अतुलनीय र दूरगामी प्रभाव पर्‍यो । कृषि उत्पादनबाट आवश्यक खाद्यान्नपूर्ति सुनिश्चित भएपछि मानिसले स्थायी वासस्थान निर्माण गर्न थाल्यो र गाउँसहरको निर्माण । यसैगरी मानिसले आफ्नो बचेको समय,चिन्तनमनन तथा प्रकृतिका नियम बुझ्ने काममा प्रयाग गर्न थाल्यो । फलस्वरूप ज्ञानविज्ञानको क्षेत्रमा ठुलो प्रगति भयो र मानिसको जीवनशैलीमा निकै परिवर्तन भयो । हाल मानिसले खाद्यबालीका रूपमा प्रयोग गर्दै आएका प्रमुख वनस्पति हाम्रा पूर्वजले हजारौं वर्षअघि विकास गरेका र उमारेका वनस्पतिमा आधारित छन् । आज पनि मानिसले आफूलाई आवश्यक दैनिक पोषणशक्तिको साठी प्रतिशत तीन प्रकारका अन्नबाली गहुँ, धान र मकैबाट प्राप्त गर्दै आएका छन् । यसैगरी गहुँ, धान, सखरखण्ड, मकै, आलु र दक्षिण अमेरिकामा पाइने एक प्रकारको खाद्यवस्तु गरी छ प्रकारका खाद्यवस्तुबाट विश्वभरका मानिसको असी प्रतिशत पोषणशक्तिको आपूर्ति हुने गरेको छ । हाल विश्वभरिका मानिसले बढी प्रयोगमा ल्याउने खाद्यबाली गहुँ, धान, मकै, जुनेलो, जौ, कोदो, आलु सखरखण्ड, भटमास, गोलभेडा, केरा, सुन्तला, उखु, स्याउ, नरिबल आदि बिस प्रकारका छन् ।

अ) माथिको अनुच्छेद कुन प्रयोजनपरक भेदसँग सम्बद्ध छ ?

क) वातावरण　　ख) विज्ञान

ग) कृषि　　घ) स्वास्थ्य

आ) माथिको अनुच्छेदमा प्रत्यय लागेर बनेका दुई शब्द कुन कुन हुन् ?

क) सभ्यता र आधारित　　ख) आधारित र नरिवल

ग)प्रतिशत र सभ्यता　　घ) विज्ञान र प्रगति ।

इ) माथिको अनुच्छेदमा रहेको पूर्वज शब्दको अर्थ के हो ?

क) पूर्वबाट आएको　　ख) पूर्वीय

ग) पूर्वतिर जान लागेको　　घ) पहिले नै जन्मिएको

ई) माथिको अनुच्छेदअनुसार मानिसका लागि आवश्यक पर्ने प्रमुख तीन खाद्यबाली के के हन् ?

क) धान, मकै र कोदो　　ख) धान, मकै र गहुँ

ग) मकै, धान र आलु　　घ) गहुँ, मकै र कोदो

**१०) तलको अनुच्छेदबाट मुख्य पाँच बुँदा टिपोट गरी सारांश लेख्नुहोस् : ( ३+२ ) =  ५**

कुविचारभन्दा सुविचार राम्रो, सुविचारभन्दा विवेक विचार राम्रो र विवेक विचारभन्दा निर्विचार सबैभन्दा राम्रो हुन्छ । ऋषि पतञ्जलीका अनुसार निर्विचार अवस्थामा स्थित भइरहने अभ्यास जसले पर्याप्त मात्रामा गरेको हुन्छ, त्यसले परमानन्द पनि प्राप्त गरेको  हुन्छ । जो मानिसले जरुरतभन्दा बढी विषयी कुराहरूमा दिल लगाउँदैन, त्यसले सजिलैसँग निर्विचार अवस्था प्राप्त गर्न सक्छ । यो अवस्था प्राप्त गर्दैमा जिम्मेवारी चाहिँ सकिँदैनन् । यसको निरन्तर अभ्यास चलिरहनुपर्छ । ती विचारहरूबाहेक मनलाई खालि राखी राम्रो नराम्रो कुनै विचार आउन नदिई प्रशान्तिको अभ्यास गर्नुपर्छ । यो अभ्यासबाट साधकको अन्तस्करणमा एउटा सुदृढ प्रतिरोधक संस्कार सिर्जन हुन जान्छ । दुखदायी विचारहरूले यदाकदा गर्ने आक्रमणबाट यो संस्कारले साधकलाई सुरक्षित राख्छ । जसरी खोलामा बाढी आउनाभन्दा अगाडि खोलाछेउ रहेको आफ्नो घरको पर्खाललाई मजबुत गरिदियो भने बाढी आउने डरबाट सुरक्षित भई व्यक्ति अविरल झरीको रातमा पनि आनन्दको निद्रा लिन्छ । त्यस्तै गरी भयानक दुखको परिस्थितिमा पनि यस्तो साधकले धैर्य गुमाउँदैन । उसलाई थाहा छ आएको दुःख अवश्य नै जान्छ । “य आगच्छति सः गच्छति” अर्थात् आएको जुनसुकै ताेव फर्किएर जानलाई नै आउँछन् । यो सत्य कुरा हो । अतः दुश्चिन्ताग्रस्त हुनुपर्ने कारण छैन।

**११) तलका दुवै प्रश्नहरूको उत्तर दिनुहोस् :　　(४ + ४) = ८**

**क) दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

जीवनको गाह्रोसारो पनि भावनासँग नै जोडिने कुरा हो नि । सामान्यतः मन परेको काममा कमाइ थोरै भए पनि चित्त बुझ्छ । फेरि मैले जुन पद्धतिको खेतीपाती गरिरहेको छु, त्यसबाट हाम्रो परिवार मजाले चलेको छ । सामान्यतः हामी मल, बिउ, औषधी बजारबाट किन्दैनौँ । रासायनिक खेती भएको भए किसानको धेरै पैसा बजारतिर जान्थ्यो । यो त प्राकृतिक खेती हो त्यसैले हामी उत्पादन कार्यका लागि प्रायः केही किन्दैनौँ, उपज भने खुरुखुरु बेच्छौँ । उत्पादनमा लागत कम छ तर उत्पादित वस्तुको मूल्य चाहिँ धेरै पाइन्छ । स्वास्थ्यमैत्री हुनाले हाम्रो उत्पादन सजिलैसँग यहीँबाटै बिक्छ, बजारको कुनै समस्या छैन ।

प्रश्नहरू

(क) प्राकृतिक खेती गर्दा के फाइदा हुन्छ ?

(ख) “मन परेको काममा कमाइ थोरै भए पनि चित्त बुझ्छ ।” यस कथनलाई पुष्टि गर्नुहोस् ।

**ख) तलको कथांश पढी सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

त्यही कुराको खुसी छ, हिम्मत त किन हारिन्थ्यो र ! अरे, एक साल भएन त अर्को साल कहाँ जाला । जब उत्तर गये रण पे तो पिछे हट्ना क्यों ? तर एउटा कुराको दुःख छ भाइ । यस्तो बेलामा, किसन भाइ । तिमी पनि गाउँमा हुँदा हौ त हामीलाई धेरै आडभारोस मिल्थ्यो, बल मिल्थ्यो, आखिर हामी त मूर्ख र गँवार न हौं । तिमी लेखपढ गरेको मान्छे । तिमी भन्या गाउँको अभिमान हौ, हाम्रो इज्जत हौ तर तिमीपनि परदेशी भइदिँदा गाउँ मालिकहरूको एकलौटी रजाइँमा पर्छ ।

अ) कृष्णलाई सबैले किन सम्मान गरेका हुन् ?

आ) पढेलेखेका मान्छेले गाउँ छोड्यो भने गाउँमा कस्तो असर पर्छ ?

**१२) कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :　　८**

क) ‘त्यो फेरि फर्केला कथामा सानीको कस्तो मनोविज्ञानलाई देखाइएको  छ ? विवेचना गर्नुहोस् ।

ख) ‘नेपालको पर्यावरणले पर्यटनलाई कसरी सहयोग पुर्‍याएको छ  ?

**१३) तलको कुनै एक शीर्षकमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :　　८**

क) राजनीतक अस्थिरताको प्रभाव

ख) मेरो जीवनको लक्ष्य

ग) वातावरण संरक्षणमा मेरो भूमिका

**१४) तल दिइएको घटना पढी अन्त्यमा सोधिएको कुनै एक प्रश्नको १२५ शब्दसम्ममा प्रतिक्रियात्मक उत्तर दिनुहोस् : ४**

भक्तपुरका केही युवाहरूले एउटा उदाहरणीय काम गरेका छन् । उनीहरूले सडकमा छाडा छोडिएका करिब १३० चौपाया जनावरहरूलाई बन्दाबन्दीको जटिल अवस्थामा आश्रयस्थल र भोजनको व्यवस्था गरेका हुन् । सडकलाई नै आश्रय बनाई बस्ने गाई, गोरु,कुकुर लगायतका चौपायाहरू विश्वव्यापी रूपमा फैलिएको कोभिड १९को महामारीका कारण थप सङ्कटमा परेका छन् । फालिएका खानेकुराबाट जीवन बचाइरहेका यस्ता प्राणीहरू लामो बन्दाबन्दीका कारण प्रभावित बनेका थिए । यही समस्यालाई पहिचान गरी भक्तपुरका केही युवाहरूको सक्रियतामा ती प्राणीहरूका लागि अस्थायी वासस्थान र भोजनको व्यवस्था गरिएको हो । प्रारम्भिक चरणमा व्यक्तिगत तवरबाट भोजनको व्यवस्था गरिएकोमा पछि मध्यपुरथिमी नगरपालिकाबाट आर्थिक सहयोगसमेत प्राप्त भएको थियो । यसरी नै भक्तपुर नगरपालिकाले ती चौपायाहरूका लागि वासस्थान तयार गर्नका लागि वासस्थान निर्माण गर्ने जग्गा र आर्थिक सहयोग प्रदान गरेको थियो । यसरी बेसहारा प्राणीहरूको संरक्षणमा भक्तपुरका युवाहरूले देखाएको तत्परता र सेवाभाव अन्य नागरिकका लागि पनि प्रेरणा बन्न सके बेसहारा प्राणीले संरक्षण प्राप्त गर्नेछन् भने सडकको सौन्दर्य पनि बढ्ने देखिन्छ ।

**प्रश्नहरू**

क) सडकका चौपायाहरूलाई संरक्षण गर्ने कार्य तपाईंलाई कस्तो लाग्यो ?कारणसहित प्रतिक्रिया लेख्नुहोस् ।

ख) दिशाविहीन युवाहरूका लागि माथि उल्लिखित घटनाले के कस्तो प्रभाव पार्ला ? प्रतिक्रिया दिनुहोस् ।

**१५) कोरोनाका कारण भएको लकडाउनले नोकरी गुमाएका काकालाई गाउँमै व्यावसायिक कृषि तथा पशुपालनमा लाग्न प्रेरित गर्दै चिठी लेख्नुहोस् । ४**

**१६) आफ्नो विद्यालयले आयोजना गरेको वक्तृत्वकला प्रतियोगिता कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार गर्नुहोस् । ५**

**सफलताको शुभकामना**